# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.९/२०७९/०८० को एजेण्डा तथा निर्णयहरू

**१. नगर सभा तयारी सम्बन्धमा ।**

**निर्णयः** मिति २०७९ पौष २९ गते दिनको ११ बजे दरबार होटेलमा नगर सभा अधिवेशन संचालन गर्ने निर्णय गरियो ।

**२. अर्धवार्षिक प्रगति समीक्षा सम्बन्धमा ।**

**निर्णयः** यस उपमहानगरपालिकाका विभिन्न महाशाखा\शाखा\उपशाखाहरू बाट यस आ.व.२०७९/०८० को श्रावण देखि मंसिर सम्म सम्पादन गरेका कार्यहरूको प्रगति प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**३. संशोधित योजना तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णयः** विभिन्न वडा समितिहरू तथा विभिन्न महाशाखा\शाखाहरूबाट वार्षिक बजेट योजना कार्यक्रममा समावेस भएका योजनाहरूलाई संशोधन गर्ने निर्णय आएको हुनाले संशोधन सहितको विनियोजन विधेयक तथा आर्थिक विधेयक आसन्न हिउँदे नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**४. सार्वजनिक सौचालय निर्माण सम्बन्धमा ।**

**निर्णयः** कलैया-१ स्थित बजार भित्र शौचालय निर्माण शिर्षकमा विनियोजन भएको रु.५०,००,०००।—(पचास लाख मात्र) बाट शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**५. खानेपानी धारा जडान सम्बन्धमा ।**

**निर्णयः** वडा स्तरीय योजनाको हकमा वडा समितिको सिफारिसको आधारमा सामुहिक रूपमा प्रयोग हुने गरी खानेपानी धारा जडान गर्ने निर्णय गरियो ।

**६. तराई मधेश समृद्धि योजना संशोधन सम्बन्धमा ।**

**निर्णयः** मिति २०७९/०३/२९ को कार्यपालिका बैठकको निर्णय नं.२ अनुसार तराई मधेश समृद्धि कार्यक्रम/योजना अन्तर्गत आ.व.२०७९/०८० मा वडा नं.१८ को श्री ने.रा.मा.वि. मोतिसर विद्यालय भवन निर्माणको लागि रु.२,००,००,०००।—(अक्षरेपी दुई करोड मात्र) विशेष अनुदान शिर्षकमा विनियोजन भई सकेको र सोही विद्यालयमा पुनः रु.३५,००,०००।— (अक्षरेपी पैतिस लाख मात्र) तराई मधेश समृद्धि कार्यक्रमबाट पनि विनियोजन भई दोहोरो हुन गएकोले श्री ने.रा.मा.वि. मोतिसरको योजना संशोधन गरी सोको ठाउँमा वडा नं.२७ को श्री ने.रा.आ.वि. बिजुलपुर रामपुरको योजना समावेश गरी तराई मधेश समृद्धि कार्यक्रमलाई अनुरोध गर्ने निर्णय गरेको तर हालसम्म संशोधन नभएको तथा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्ने उदेश्यले सो योजना संशोधन गर्न पुनः अनुरोध गर्ने निर्णय गरियो ।

**७. बिजुली मिस्त्रीको ज्याला सम्बन्धमा ।**

**निर्णयः** यस उपमहानगरपालिकाका वडाहरूमा बिजुली मिस्त्रीहरू रु.६०००।— प्रति महिनामा कामकाज गर्दै आएकोमा ज्यालामा वृद्धि गरी रु.९०००।— प्रति महिना तथा वडा नं.१ को हकमा रु.१२०००।— प्रति महिना कायम गर्ने निर्णय गरियो ।

८. धर्म सँस्कृति सहयोग सम्बन्धमा ।

निर्णयः कलैया-१ स्थित हाटबजारमा मिति २०७९।०९।२४ र २५ गते संचालन हुने अष्टजामको लागि रु.२५०००।—(पच्चीस हजार मात्र), कलैया-३ गंगापुर टोलमा सार्वजनिक कफला बिटोरको लागि रु.२५०००।—(पच्चीस हजार मात्र) र कलैया-२३ मा अष्टजामको लागि रु.२५०००।—(पच्चिस हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

९. वृक्षारोपन सम्बन्धमा ।

निर्णयः प्रत्येक वडाले न्यूनतम १०० (एक सय) वटा रुख नमूनाको लागि लगाउने निर्णय गरियो । सो सम्बन्धमा लाग्ने ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च हुने गरी निर्णय गरियो । साथै बाँस खरिद गर्न प्रत्येक वडालाई रु.१२०००।— (बारह हजार मात्र) को दरले उपलब्ध गराउने निर्णय गरियो ।

१०. वैदेशिक रोजगार बोर्ड पुनः एकीकरण कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णयः वैदेशिक रोजगार बोर्ड पुनः एकीकरण कार्यक्रम संचालन गर्न उ.म.न.पा. ले रु.१०,००,०००।—(दश लाख) उपलब्ध गराउने निर्णय गरियो ।

११. "घ" वर्गको निर्माण व्यवसायी इजाजत दिने सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको निर्माण व्यवसायीहरूलाई "घ" वर्गको निर्माण व्यवसायीको इजाजत दिने निर्णय गरियो ।

| क.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | प्रो.को नाम |
|---|---|---|---|
| क. | श्री मंकेश्वरनाथ कन्स्ट्रक्सन | कलैया-२७ | दिपेन्द्र प्रसाद साह |
| ख. | श्री ग्राभिटी कन्स्ट्रक्सन | कलैया-१४ | अपसाना रहमी |

१२. राष्ट्रिय योजना आयोगबाट रामजानकी मन्दिरमा पार्क निर्माण, बरेवा छठिया पोखरी पार्क निर्माण र मोतिसर विद्यालय भवन निर्माण दोस्रो चरणको योजना माग गर्ने सम्बन्धमा ।

निर्णयः रामजानकी मन्दिर पार्क निर्माण र बरेवा छठिया पोखरी पार्क निर्माण आ.व.२०७८/०७९ र आ.व.२०७९/०८० मा राष्ट्रिय योजना आयोगबाट स्वीकृत भई कार्य भएको र सो निर्माण कार्य अहिले संचालनमा रहेको देखिन्छ । त्यस्तै मोतिसर विद्यालय भवन निर्माण कार्य आ.व.२०७९/०८० मा राष्ट्रिय योजना आयोगबाट स्वीकृत भई कार्य संचालनमा रहेको देखिन्छ । माथि उल्लिखित योजनाहरूको स्वीकृत रकमले कार्य संम्पन्न हुने नदेखिएको हुँदा उक्त निर्माण कार्यहरूलाई नै निरन्तरता दिँदै फेरी सोही कार्यलाई प्राथमिकताको आधार बनाई आ.व.२०८०/०८१ को लागि राष्ट्रिय योजना आयोगबाट योजना माँग गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

१३. डि.पि.आर. गराउने सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको कार्यहरूको लागि डि.पि.आर. गराउने निर्णय गरियो ।

- कलैया-९ मा मधेशको सँस्कृति झल्किने गरीको कला केन्द्र (संग्रहालय)
- नगरपालिका यातायात गुरुयोजना (MTMP)
- कलैया-२६मा रामजानकी मन्दिर निर्माण तथा पोखरी पार्क सौन्दर्यीकरण
- कलैया-२७ को आधारभूत विद्यालय बिजुलपुर रामपुरको पर्खाल र पोखरी सौन्दर्यीकरण गर्ने

१४. **राष्ट्रिय योजना आयोगबाट सुखलैया पोखरी खपरताता खेल मैदान योजना माग गर्ने सम्बन्धमा ।**

**निर्णयः** आ.व.२०८०/०८१ को लागि राष्ट्रिय योजना आयोगबाट सुखलैया पोखरी खपरताता खेल मैदान योजना माँग गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

१५. **कानून पारित गर्ने सम्बन्धमा ।**

**निर्णयः** तपसिल बमोजिमको कानूनहरू पारित गर्ने निर्णय गरियो ।

- कलैया उपमहानगरपालिका सचिवालय गठन तथा संचालन नियमावली, २०७९
- राम जानकी मन्दिर संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९
- करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

१६. **नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा ।**

**निर्णयः** नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको नौ (९) सदस्यीय नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. नगर प्रमुख | संयोजक |
| ख. नगर उपप्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. साझेदार संस्थाबाट १ जना | सदस्य |
| ङ. नगर प्रमुखले तोकेको २ जना वडा अध्यक्ष | सदस्य |
| च. प्रशासन शाखा प्रमुख | सदस्य |
| छ. सूचना प्रविधि अधिकृत | सदस्य |
| ज. परियोजना सम्पर्क व्यक्ति | सदस्य-सचिव |

१७. **नवप्रवर्तन साझेदारी कोषको परियोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णयः** कलैया उपमहानगरपालिकाको स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी कोषका माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह-लगानीमा दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. कलैया, बाराको संलग्नतामा तयार भई आएको कलैया उपमहानगरपालिकाको जीविकोपार्जनको लागि दुध प्रवर्द्धन/दुहुना भैंसी पालन परियोजनाको कुल लागत बजेट रु.२,२९,५०,०००।—(१००%) को प्रदेश सरकारले साझेदारी रकम रु.१,४९,१७,५००।—(६५%) र बाँकी लागत साझेदारीको रकम रु.८०,३२,५००।—(३५%) लाई १००% कायम गरी सोमा कलैया उपमहानगरपालिकाले समपुरक कोषबाट रु.५६,२२,७५०।—(७०%) र दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. कलैया रु.२४०९७५०।—(३०%) को साझेदारीमा प्रदेश सरकार सँग तोकिएको अनुसूचीमा परियोजनाको पूर्ण प्रस्ताव (अनुसूची-३ दफा ६ सँग सम्बन्धित) को ढाँचामा तयार गरी पेश गर्ने निर्णय गरियो ।

१८. **आधारभूत स्वास्थ्य चौकी निर्माण म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णयः** यस उपमहानगरपालिका अन्तर्गतका वडा नं.३, ७, ८, ९ र १७ मा आधारभूत स्वास्थ्य चौकी निर्माण गर्न समयमा जग्गा उपलब्ध हुन नसकेकोले सो योजनाहरूको म्याद २०८० जेठ मसान्त सम्म थप गर्ने निर्णय गरियो । साथै हाल वडा नं.९ र १७ मा जग्गा उपलब्ध भईसकेको ठाउँमा स्वास्थ्य चौकी निर्माण गर्ने तथा हालसम्म जग्गा उपलब्ध हुन नसकेको वडा नं.३, ७ र ८ का वडा अध्यक्ष ज्यूहरूले जग्गा उपलब्ध गराउन पहल गर्ने निर्णय गरियो ।